# धुर्कोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बर्वोट, गुल्मी

५ नं. प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र सम्बन्धि सूचना
**दोस्रो पटक प्रकाशित मिति:२०७६/०२/२९**

यस गाउँपालिकाका धु.गा.पा. १ र २ अन्तर्गत घरिथुम खेलमैदान निर्माण योजनाको लागि मिति:२०७६/०२/०७ मा प्रथम पटक सुचना प्रकाशित गरिएकोमा पेश हुनआएका दरभाउपत्रहरु सारभुत रुपमा प्रभावग्राही नभएको पाईएकोले दोस्रो पटक यो सुचना प्रकाशित गर्नुपर्ने भएकोल नेपाल सरकारबाट सम्बन्धित कार्यको इजाजत प्राप्त मुल्य अभिबृद्धि करमा दर्ता भएको, आय कर तिरेका, नविकरण फर्म कम्पनीहरुबाट यसै आ.व. भित्र सम्पन्न गर्ने गरि कार्य गराउनु पर्ने भएकोले शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

तपसिल

| दरभाउ पत्र नं. | विवरण | अनुमानित रकम भ्याट बाहेक | धरौटी रकम | फारम दस्तुर | बैंक धरौटि खाता नम्बर सनराइज बैंक बर्वोट शाखा धुर्कोट |
|---|---|---|---|---|---|
| २२/०७५/७६ | घरिथुम खेल मैदान निर्माण योजना, धु.गा.पा. १,२ घरिथुम | १४,४९,६८८।- | ३५,०००।- | १०००।- | ०९१०५०१३०७७०१००२ |

१.तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने ) उल्लेखित बैंक खाता नं. मा जम्मा गरेको बैंक भौचर वा धुर्कोट गाउँपालिकाको कार्यालयमा सोझै दस्तुर तिरी यो सुचना प्रकाशित मितीले ७ औ दिन (२०७६/०३/०३) कार्यालय समय भित्र शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२.खरिद गरेको शिलबन्दी दरभाउपत्र सुचना प्रकाशित मितिले ८ औ दिन (२०७६/०३/०४) दिउसोको १२ बजे सम्म इजाजत प्राप्त, मूल्य अभिबृद्धि करमा दर्ता भएको, आय कर तिरेका, नविकरण गरेका प्रमणपत्रको प्रतिलिपि र निवेदन साथ यस कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ । हुलाकबाट आएका शिलबन्दी दरभाउपत्रलाई पनि मान्यता दिईने छ ।

३. शिलबन्दी दरभाउपत्र प्रकाशित मितिले ८ औ दिन (२०७६/०३/०४) दिउसोको १ बजे कार्यालयका प्रतिनिधि हरु र शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन । यदि ७ औ र ८ औ दिन मध्ये सार्वजनिक विदा पर्न गएमा स्वत अर्को दिनको सोहि समय सम्म समयअवधि थप हुनेछ ।

४.एक व्यक्ति वा फर्मको नाममा खरिद भएको शिलबन्दी दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

५. शिलबन्दी दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व.को लागी भएकोले आषाढ मसान्त सम्म कुनै प्रकारको मुल्यबृद्धिलाई स्वीकार गरीने छैन ।

६. दरभाउपत्र फाराम भर्दा प्रत्येक दररेट अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

७. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार शिलबन्दी दरभाउपत्र दाताले खरिद कारबाहीमा भाग लिन योग्य भएको, आफ्नो स्वार्थमा नबाझिएको, पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजायँ नपाएको भनी लिखित रुपमा घोषणापत्र पेश गर्नुपर्ने छ ।

८. अन्य कुराहरुको हकमा र यसमा उल्लेख हुन छुट भएका र फरक परेका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) तथा अन्य ऐन नियम अनुसार हुनेछ ।

९.रीत नपुगेको वा म्याद नाघी वा कुनै शर्त राखी आएको शिलबन्दी दरभाउपत्र फारम उपर कुनै कारबाही गरीने छैन । शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१०. यस सम्बन्धमा कुनै कुराहरु बुझ्नुपर्ने भएमा यस कार्यालयको मोबाईल नम्बर ९८५७०६७९१७ मा कार्यलय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

०७६।०२।२८

(काशीराम पन्थी)
प्रमुख प्रशासकीय अधिकृत